आज मिति २०७९ साल असार ८ गते बुधवारका दिन व्यास नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री किस्ना दुरा गुरुङ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री निला घिमिरे | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री रनसिं नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कमलादेवी घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०७९/३/३ को बैठकको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: आ.व. २०७९/०८० को नीति कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.३: आ.व. २०७९/०८० को बजेट कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.४: आर्थिक विधेयक र विनियोजन विधेयक सम्बन्धमा ।
प्रस्ताव नं.५: मादी नदी एकीकृत विकास विस्तृत अध्ययन प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.६: भेरिएसन स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.७: लिलाम बढावढ कवोल रकम स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.८: दरभाउपत्र स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.९: निकास माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१०: अन्तिम किस्ता रकम माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.११: सञ्चित कोषबाट भुक्तानी गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२: गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत प्रविधि हस्तान्तरण सम्बन्धमा ।
प्रस्ताव नं.१३: समायोजन भएको श्याम्घा प्रा.वि. व्यास ६ का का.स. र बालविकास शिक्षक सरुवा सम्बन्धमा ।
प्रस्ताव नं.१४: समायोजन भएको विद्यालयको भौतिक एवं आर्थिक दायित्व स्थानान्तरण सम्बन्धमा ।
प्रस्ताव नं.१५: प्रधान अध्यापक अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.१६: अत्यावश्यक विपद्जन्य कार्यमा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.१७: रकम भुक्तानी दिने सम्बन्धमा ।
प्रस्ताव नं.१८: योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.१९: किसान सूचीकरण सहजकर्ता (गणक) नियुक्ति अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.२०: राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.२१: विद्यालयमा सेनीटरी प्याड वितरणका लागि खरिद गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२२: विद्यालयको नाम परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.२३: बधस्थल सफाई कर्मचारी करारमा नियुक्ति गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२४: शिक्षक सरुवा सम्बन्धमा ।
प्रस्ताव नं.२५: अन लाइनद्वारा राजश्व संकलन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२६: विपद् व्यवस्थापन समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.२७: नगर विकास कोष ऋण भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.२८: सिँचाई कुलो निर्माण लागत सहभागीता सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७९/३/३ को बैठकको समिक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आ.व. २०७९/०८० को लागि व्यास नगर कार्यपालिकाको प्रस्तावित नीति तथा कार्यक्रम बैठकमा प्रस्तुत भई व्यापक छलफल गरी संशोधन सहित उपप्रमुख श्री इन्दिरा दरैबाट प्रस्तुत गर्ने गरी पारित गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा आ.व. २०७७/०७८ को यथार्थ आय-व्यय रू.१,४४,६०,९६,४३७। को यथार्थ आय-व्यय, आ.व. २०७८/०७९ को रू.१,७७,८९,१२,०००। को संशोधित आय-व्यय र २०७९/०८० का लागि रू.१,६५,४५,५१,०००। को प्रस्तावित बजेट कार्यक्रम २०७९/३/१० मा हुने नगर सभामा उप-प्रमुख श्री इन्दिरा दरैबाट प्रस्तुत गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा करका दरहरुमा सामान्य हेरफेर गरी आर्थिक विधेयक २०७९ र विनियोजन विधेयक २०७९ नगर सभामा छलफलका लागि प्रस्तुत गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा मादी नदी एकीकृत नदी विकास आयोजना कार्यान्वयनका लागि गुरुयोजना तथा विस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर.) निर्माणको लागि श्री

ECocode Nepal- Paragon- Epicenter JV ललितपुर बीच सम्झौता भएकोमा अन्तिम प्रतिवेदनको प्रस्तुतीकरण समेत सम्पन्न भएको हुँदा उक्त प्रतिवेदन स्वीकृत गरी भुक्तानी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ स्थित माहेन्द्री मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण योजना (ठेक्का नं. १०/Vyasmun २०७६/०७७) को लागि बोलपत्र प्रकाशित गर्दा म्लम कंक्रिट सहितको पक्की नाला निर्माणमा फर्माको आइटम छुट भएकोमा ठेक्का सम्झौता रकम भित्र रही फर्माको लागि कार्यालयबाट माग गरिएको न्यूनतम दररेट कायम गर्ने गरी उक्त फर्माको नयाँ आईटमको भेरिएस स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा जिन्सी निरीक्षण प्रतिवेदनबाट लिलामा बढावढ गर्नुपर्ने भनी औल्याइएका बेकम्मा सवारी साधन तथा फर्निचनहरुको लिलाम बढावढ सम्बन्धमा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका विभिन्न फर्मका दरभाउपत्रहरु मध्ये न.पा. कार्यालयको स्वीकृत विभागीय न्यूनतम मुल्य (भ्याट समेत) रू.६,०१,४३१। मा सबै भन्दा बढी रू.२३,५६९। रकम बढी दरभाउपत्र दर्ता गराउने श्री संकटमोचन इन्टरप्राइजेज विरगंज पर्साले कबोल गरेको (भ्याट सहित) रू.६,२५,०००। अङ्कको दरभाउपत्र सारभुतरुपमा प्रभावग्राही देखिएको भनी उक्त दरभाउपत्र स्वीकृत स्वीकृत गरी लिलाम प्रक्रिया अगाडी बढाउने सम्बन्धमा मूल्याङ्कन समितिबाट सिफारिस भै आएकोले उक्त दरभाउपत्र स्वीकृत गरी लिलाम प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको आर्थिक बर्ष २०७७/०७८ मा व्यास नगरपालिका क्षेत्रभित्र बेमौसमी तरकारी उत्पादनका लागि प्लाष्टिक घर खरिदको लागि दोस्रो पटक प्रकाशित सूचना अनुसार एक मात्र फर्म श्री हिमालयन अर्गानिक एग्रीकल्चर लिमिटेडबाट शिलबन्दी दरभाउपत्र दर्ता हुन आएकोमा उक्त फर्मले कवोल गरेको रकमलाई नगरपालिका कार्यालयबाट स्वीकृत विभागिय लागत अनुमान (ढुवानी र कर समेत) रू.७,३५,०००। सँग तुलना गरी हेर्दा श्री हिमालयन अर्गानिक एग्रीकल्चर कम्पनी लिमिटेड ललितपुरले रू.४,०००। घटी अर्थात् (ढुवानी र कर समेत) रू.७,३१,०००। रकम कवोल गरेको देखिएको हुँदा उक्त न्यूनतम मूल्यांकित दरभाउपत्र स्वीकृत गरी खरिद प्रक्रिया अगाडी बढाउने सम्बन्धमा मूल्याङ्कन समितिबाट सिफारिस भै आएकोले उक्त दरभाउपत्र स्वीकृत गरी खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा सङ्घीय सरकारको विशेष अनुदानमा सञ्चालित तपसिलमा उल्लेखित योजनाहरुको समयमा नै सङ्घीय अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा रकम निकासा माग गरी पठाउँदा समेत हालसम्म पुरै रकम निकासा प्राप्त नभएको हुँदा निर्माण कार्य अगाडी बढाउन नसकिएकोले आगामी आर्थिक बर्षको प्रथम चौमासिकसम्मको लागि म्याद थप गर्न अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा लेखी पठाउने र यथासक्य निकासा उपलब्ध गराउन समेत अनुरोध गरी पठाउने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | म्याद थप माग गर्ने समय | निकासा माग गर्ने रकम |
|---|---|---|---|
| १. | कमेरेपानी साँधखोला खानेपानी योजना व्यास १३ | २०७९/७/३० सम्म | रू.८८,१३,८०४।०० |
| २. | देवीडाँडा चिसापानी लिफ्टिङ्ग खानेपानी योजना व्यास १० | २०७९/७/३० सम्म | रू.१,२८,५२,२२०।९५ |

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकारको विशेष तथा समपुरक योजनाको रुपमा सञ्चालित तपसिलमा उल्लेखित योजनाहरुको अन्तिम किस्ता रकम माग गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम |
|---|---|
| १. | रानीगाउँ खानेपानी योजना, व्यास ११ (विशेष) |
| २. | शितभण्डार निर्माण योजना, व्यास ११ (समपुरक) |

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ११ मा निर्माण भएको शित भण्डार योजनाको लागि गण्डकी प्रदेश सरकारको समपुरक र विशेष अनुदान अन्तर्गत प्राप्त हुने रकम बाहेक सम्झौता बमोजिम भुक्तानीको लागि अपुग हुने रकम झण्डै ८३ लाख मात्र व्यास नगरपालिको सञ्चित कोषमा बाँकी रकम मध्येबाट भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा आ.व. २०७८/०७९ सङ्घीय सरकार सशर्त अनुदान लघु उद्यम विकास कार्यक्रम अन्तर्गत गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ बमोजिम लघु उद्यम विकास मोडेल नयाँ उद्यमी सिर्जना गर्ने शिर्षक नं. २२६७४ र गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ बमोजिम उद्यमीहरुलाई स्तरोन्नती सम्बन्धी शिर्षक नं. २२६.३ मा विनियोजित रकमबाट तोकिएको बार्षिक लक्ष प्राप्त भई बाँकी हुन आएको बजेट रकमबाट लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को परिच्छेद ११ दफा ६५ अनुसार उद्यमीहरुलाई आवश्यकता पहिचानको आधारमा प्रविधि हस्तान्तरण गर्न सकिने व्यवस्था रहेको हुँदा आवश्यकता अनुसार उद्यमीहरुलाई उक्त कार्यक्रम शिर्षक नं. २२६.४ र शिर्षक नं. २२६.३ बाट खर्च लेख्ने गरी उद्यमीहरुलाई प्रविधि हस्तान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा श्याम्घा प्रा.वि.व्यास ६ मर्ज भएकोले उक्त विद्यालयमा कार्यरत बालविकास शिक्षक श्री सीता विष्ट र कार्यालय सहयोगी श्री सपना खनाल थापालाई व्यास नगरपालिका समता विद्यालय व्यास ७ मा हाल सरुवा गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास ६ स्थित श्याम्घा प्रा.वि. समायोजन भएकाले उक्त विद्यालयका नाउँमा रहेको ने.बैं.लि. दमौली तनहुँ च.हि.नं. ०६०००१००३३७८७४००००१ मा रहेको बचत रकम रू.२,०२,०६२/७९ (दुईलाख दुई हजार बैसठ्ठी रुपैंया पैसा उनासी) व्यास ६ मादिवेंशी स्थित माहेनी आधारभुत विद्यालयमा भौतिक कार्यमा खर्च गर्ने गरी स्थानान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा (क) व्यास न.पा. वडा नं.२ दमौली स्थित सत्यवती मा.वि. व्यवस्थापन समीतिको सिफारिस अनुसार माध्यमिक तह प्रथम श्रेणीका वरिष्ठ शिक्षक श्री एक बहादुर गुरुङ्गलाई २०८०/१/१५ सम्म प्रधान अध्यापक नियुक्ति गर्न र ०८०/१/१६ गतेदेखि लागू हुने गरी मा.वि. द्धितिय श्रेणी शिक्षक श्री पुष्पकला भट्टराईलाई हाल २ बर्षका लागि प्रधान अध्यापक नियुक्ति अनुमोदनका लागि सिफारिस भई आएकोले विद्यालयको विशिष्ट अवस्था र सहमतीपूर्ण सिफारिसका आधारमा अनुमोदन गर्ने निर्णय गरियो । (ख) व्यास नगरपालिका वडा नं. १२ गोला स्थित वि.पि. प्राथमिक विद्यालयकमा कार्यरत स्थायी शिक्षक श्री दिलकुमारी वि.क.लाई विद्यालय व्यवस्थापन समितिको सिफारिसका आधारमा प्रधान अध्यापक पदको नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१६:</u>** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा अत्यावश्यक कार्यक्रम एवं विपदजन्य कार्यका लागि तल लेखिएका कार्यक्रमहरुमा रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.न | कार्यक्रम तथा योजनाको नाम | वडा नं | विनियोजित रकम (रु) | खर्च शिर्षक |
|---|---|---|---|---|
| १. | सर्वज्योती मा.वि., खानेपानी जडानको लागि पाइप खरिद | १० | १८,९२७५० | |
| २. | कलेस्ती खानेपानी मुहान संरक्षण | ७ | १,००,०००।०० | विपद् |
| ३. | तोरी खर्क कुलो मर्मत संरक्षण | ७ | १,००,०००।०० | विपद् |
| ४. | श्यामकुमार दमैको घर संरक्षण | ९ | ५०,०००।०० | विपद् |
| ५. | भोटेखोल्सीमा ग्याविन भर्ने कार्य | १०, ११ | ५८,०००।०० | विपद् |
| ६. | राम्चेडिही सेराफाँट बाँधकुलो मर्मत | ११ | २,००,०००।०० | विपद् |
| ७. | सेरा रामथुम्की मुसीनारायण मार्ग मर्मत | ११ | २,००,०००।०० | विपद् |
| ८. | सकुन्तला अछामी, हावाहुरीले छाना उडाएकाले टिन राख्ने | १२ | २०,०००।०० | विपद् |
| ९. | कैनी कृषि फार्म संरक्षण/क्षतिपूर्ति | १२ | ५०,०००।०० | विपद् |
| १०. | अशोक बोटे उपल्लो खेत सिँचाई पाइप खरिद | १२ | ४०,०००।०० | विपद् |
| ११. | विष्णुहरी ढुंगेल, सिँचाई पाइप खरिद | १३ | २०,०००।०० | विविध |
| १२. | प्लाष्टिक हिल टंकी खरिद | १३ | १३,०००।०० | विविध |
| १३. | मेघनाथ आचार्य, सिँचाई पाइप खरिद | १३ | १२,०००।०० | विविध |
| १४. | हरिकृष्ण न्यौपाने, सिँचाइ पाइप खरिद | १३ | १२,०००।०० | विविध |
| १५. | तुलसी बहादुर, घर संरक्षण | १३ | ५०,०००।०० | विपद् |
| १६. | गुनीमाया गुरुङ्ग, सिँचाई पाइप खरिद | १३ | २०,०००।०० | विविध |
| १७. | धनबहादुर थापा, सिँचाई पाइप खरिद | १४ | ३०,०००।०० | विविध |
| १८. | चट्याङ्गबाट क्षति भएकोले पानी तान्ने मोटर खरिद | १४ | १,४०,०००।०० | विपद् |
| १९. | तनहुँ कालिका मन्दिर विद्युत महशुल भुक्तानी | ४ | १,२०,६००।०० | विविध |
| २०. | पुत्लेघारी कुलो मर्मत | ९ | १,५०,०००।०० | विपद् |
| २१. | तनहुँ लोक दोहोरी प्रतिष्ठान असार १५ कार्यक्रम सञ्चालन | ३ | १,००,०००।०० | २०८ |
| २२. | छाब्दीखोला तटबन्धन घर संरक्षण | १ | २,००,०००।०० | विपद् |
| २३. | रानीगाउँ युवा क्लव फर्निचर खरिद भुक्तानी | ११ | ३५,०००।०० | विविध |
| २४. | श्री गोविन्द बहादुर नेपाली उपचार खर्च | | १५,०००।०० | ३९ |
| २५. | श्री छाब्दी बाराही प्रा.वि., ड्रम खरिद | १२ | १२,५००।०० | विविध |
| २६. | रोटरी निःशुल्क स्वास्थ्य शिविर सञ्चालन | १४ | ३५,०००।०० | ७६८ |

**<u>निर्णय नं.१७:</u>** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा लुम्बिनी सप्लायर्स दमौलीलाई मुख्य निर्वाचन अधिकृतको कार्यालयमा सि.सि. क्यामेरा, इन्भटर, विजुली जोडेको वापत रकम रू.१,३४,२३६/०९ (एकलाख चौतिस हजार दुईसय छत्तिस पैसा नौ) भुक्तानी दिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.१८:</u>** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदां व्यास नगरपालिका वडा नं.८ को सिफारिसको आधारमा देहाय बमोजिमका वडागत योजना परिवर्तन गर्ने निर्णय गरियो ।

| सि. नं | योजनाको नाम | परिवर्तन गरी कायम भएको योजनाको नाम | बजेट | खर्च शिर्षक |
|---|---|---|---|---|
| १ | खड्कदेवी मन्दिर निर्माण | खड्कदेवी मन्दिर डि.पि.आर गर्ने | रू.२,००,०००।०० | |

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा यस कार्यालयद्वारा किसान सूचीकरण सहजकर्ता (गणक) पदमा सेवा करारमा लिनका लागि मिति २०७९/२/३१ गते लिईएको अन्तरवार्ता परीक्षामा प्राप्त गरेको अंक, स्थानीय अंक, कार्य अनुभव र शैक्षिक योग्यता वापतको अंक समेत आधारमा १० जना उम्मेदवारहरु सफल भएकोमा समयावधि कम भएको हुँदा २०७९ आषाढ मसान्तसम्मको लागि थप बैकल्पिक १० जना उम्मेदवारहरुलाई समेत किसान सूचीकरण सहजकर्ता (गणक) पदमा पदपूर्ति समितिको सिफारिसमा कार्यालयबाट मिति २०७९/३/३ गते दिईएको नियुक्तिलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा राष्ट्रपति शैक्षिक सुधार अन्तर्गत भवन निर्माण कार्य तत्काल प्रारम्भ गर्न तल लेखिए बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

(क) व्यास ५ ठूलोटार स्थित श्री उदय माध्यमिक विद्यालयमा तला थप गरी २ कोठे भवन निर्माण गर्ने ।

(ख) व्यास १० सेवर स्थित श्री सर्वज्योती माध्यमिक विद्यालयमा पुरानो भवन भत्काई ४ कोठे भवन निर्माण गर्ने ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाले मिति २०७९/२/१८ गते राष्ट्रिय पत्रिकामा प्रकाशित सेनीटरी प्याड सम्बन्धी सिलबन्दी दरभाउपत्र माग गरिएकोमा रित नपुगेको दरभाउपत्र २ वटा फर्मबाट प्राप्त भएकाले उक्त दरभाउपत्रबाट खरिद प्रकृया अघि बढाउन नमिल्ने हुँदा विद्यालयमा आवश्यक सेनीटरी प्याड व्यवस्थापन गर्न खरिद नियमावली अनुसार रू.१०,००,०००। (दश लाख) सम्मको कोटेशन मार्फत खरिद गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.४ मा सञ्चालित कन्काई आवासीय मा.वि. को नाम "कन्काई ग्लोवल एकेडेमी" परिवर्तन गरी कम्पनी ऐन अनुसार दर्ता भई विद्यालय व्यवस्थापन समितिले नाम परिवर्तन गर्न माग गरी पठाएकाले उक्त विद्यालयको नाम "कन्काई ग्लोवल एकेडेमी" हुने गरी नाम परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ देउरालीनगर बुल्दीखोला तर्फ भएको बधस्थलको सरसफाईका सम्बन्धमा छरछिमेकबाट व्यापक गुनासो आएकाले वडा नं. ३ का सिफारिसका आधारमा एकल विपन्न महिला श्री विष्णुमाया वि.क.लाई मिति २०७९/३/१५ देखि लागू हुने गरी मासिक रू.१४,५००। दिने गरी २०७९ आषाढका लागि सेवा करारमा नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित शिक्षकहरुलाई तल लेखिएका विद्यालयमा २०७९ श्रावण १ गतेदेखि लागू हुने गरी सरुवा गर्ने निर्णय गरियो ।

| क.सं. | नाम, थर | तह/विष | हाल कार्यरत विद्यालय | सरुवा भई जाने विद्यालय |
|---|---|---|---|---|
| १. | श्री बुद्धि बहादुर वि.क. | मा.वि./नेपाली स्थायी | श्री माहेन्द्री मा.वि. गजौडे | श्री महेन्द्रज्योती मा.वि. सिशाघाट |

| | | | | |
|---|---|---|---|---|
| २. | श्री अप्सरा श्रेष्ठ | मा.वि. ⁄नेपाली स्थायी | श्री महेन्द्रज्योती मा.वि. सिशाघाट | श्री माहेन्द्री मा.वि. गजौडे |
| ३. | श्री सुरेन्द्र खनाल | नि.मा.वि. ⁄गणित स्थायी | श्री जनजागृती मा.वि.व्यास १३ | श्री माहेन्द्री मा.वि. गजौडे |
| ४. | श्री निर्मला पुरी | नि.मा.वि. ⁄गणित करार | श्री माहेन्द्र मा.वि. गजौडे | श्री जनजागृती मा.वि. व्यास १३ |
| ५. | श्री रामभक्त भण्डारी | नि.मा.वि. ⁄अँग्रेजी करार | श्री भानु मा.वि. व्यास १० | महर्षि संस्कृत मा.वि.व्यास ३ |
| ६. | टिकाराम दाहाल | प्रा.वि. ⁄स्थायी | श्री शिवपाञ्चायन मा.वि. व्यास ३ | श्री शुक्र आधारभुत व्यास ५ |
| ७. | बन्धुराज पौडेल | प्रा.वि. ⁄स्थायी | श्री शुक्र आधारभुत व्यास ५ | श्री शिवपाञ्चायन मा.वि. व्यास ३ |

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको राजश्व उपशाखा अन्तर्गत अनलाईन राजश्व संकलन प्रयोगार्थ वालेट मार्फत राजश्व भुक्तानी गर्ने प्रकृया अघि बढाउने निर्णय गरियो । साथै राजश्व व्यवस्थापन सूचना प्रणालीमा आवद्ध भएका सेवा प्रदायकले सञ्चालन गरेको वालेट मार्फत गरिने राजश्व भुक्तानी सम्बन्धी कारोवारमा सम्बन्धी सेवा प्रदायकले अधिकतम नेपाल राष्ट्र बैंकले तोकेको दोहाय बमोजिमको शुल्क लिई सेवा दिने भुक्तानी प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| कारोवार रकम | प्रति कारोवार अधिकतम सेवा शुल्क |
|---|---|
| रू.३,००० सम्म | रू.५ |
| रू.३,००१ देखि रू.१०,००० सम्म | रू.१० |
| रू.१०,००१ देखि माथि | रू.२० |

**निर्णय नं २६:** प्रस्ताव नं. २६ का सम्बन्धमा छलफल हुदाँ व्यास नगरपालिकाको नगर स्तरीय विपद् व्यवस्थापनका लागि निम्नानुसार समिति गठन गर्ने निर्णय गरियो ।

| क.सं. | नाम, थर | पद | कार्यालय |
|---|---|---|---|
| १. | श्री वैकुण्ठ न्यौपाने | संयोजक | नगर प्रमुख व्यास नगरपालिका |
| २. | श्री इन्दिरा दरै | सदस्य | उपप्रमुख व्यास नगरपालिका |
| ३. | श्री डिल्लीराम सिग्देल | सदस्य | प्रमुख प्रशासकीय अधिकृत व्यास न.पा. |
| ४. | श्री काशीराम गैह्रे | सदस्य | स.प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय |
| ५. | श्री मन बहादुर गुरुङ्ग | सदस्य | संयोजक पूर्वाधार विकास समिति |
| ६. | श्री रमेश हड्खले | सदस्य | संयोजक, आर्थिक विकास समिति |
| ७. | श्री रनसिं नेपाली | सदस्य | संयोजक, वन तथा वातावरण समिति |
| ८. | श्री काजीमान श्रेष्ठ | सदस्य | संयोजक, सामाजिक विकास समिति |
| ९. | डा. राजु पौडेल | सदस्य | प्रमुख, शहरी पूर्वाधार तथा प्राविधिक शाखा |
| १०. | श्री अमृत के.सी. | सदस्य | घर नक्सा शाखा |
| ११. | श्री आशिक परियार | सदस्य | नगर प्रहरी सहायक निरीक्षक |

| | | | |
|---|---|---|---|
| १२. | श्री चिनु पोखेल | सदस्य | नेपाल रेडक्स सोसाइटी |
| १३. | श्री भुपाल आले | सदस्य | अध्यक्ष, त.उ.वा.संघ, दमौली बजार इकाई |
| १४. | श्री | सदस्य | जिल्ला प्रहरी कार्यालय |
| १५. | श्री रविन्द्रलाल मुल | सदस्य-सचिव | प्रमुख, वातावरण तथा विपद् शाखा |

**निर्णय नं.२७:** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको नयाँ बहुउद्देश्यीय भवन निर्माण गर्दा नगर विकास कोषबाट लिएको ऋणको आ.व. २०७८/०७९ को दोस्रो किस्ता पूँजिगत खर्च शिर्षक "नगरस्तरीय बहुउद्देश्यीय भवन निर्माण- नगर विकास कोष ऋण-आन्तरिक श्रोत" बाट तपसिलमा उल्लेखित सावाँ व्याज भुक्तानी गर्ने निर्णय गरियो ।

**२०७९ आषाढ मसान्तमा तिनुपर्ने :**

सावाँ : रू.२६,९४,७३५६/६३

व्याज : रू.२०,०५,२६४/३७

जम्मा : रू.४७,००,०००। (अक्षेरुपी सतचालिस लाख रुपैंया मात्र)

**निर्णय नं.२८:** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा मिति २०७८/१२/२२ कार्यपालिका बैठकको निर्णय नं. १२ मा धान उत्पादन प्रर्वद्धन कार्यक्रम अर्न्तगतको कल्स्टर १ र २ को समिति बाट माग भई आएका कार्यक्रमहरु ५०% अनुदानमा संचालन गर्ने निर्णयलाई संसोधन गरी सिंचाई कुलो मर्मत कार्यक्रम सत्प्रतिशत अनुदानमा संचालन गर्ने क्लष्टर १ का साना सिंचाई तर्फ प्रति कुलो १,५०,०००। विनियोजन गरेतापनि सङ्घीय कार्यविधि अनुसारको ७५,०००।- मात्र अनुदान प्रधान गर्ने र बाँकी कार्यक्रम (बिउ खरिद र हाते ट्याक्टर) मा ५०% नै कायम गर्ने गरी अनुमोदन गर्ने निर्णय गरियो ।